# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## भोक्राहा नरसिंह गाउँपालिका
## सुनसरी

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## भोक्राहा नरसिंह गाउँपालिका

## सुनसरी

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

भोक्राहा नरसिंह गाउँपालिका

सुनसरी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन र नियमलाई आधार लिइएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सोउपर प्राप्त प्रतिक्रियासमेत विचार गरी रायसहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवम् कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवम् जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवम् परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितासमेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धतालगायतका सीमा रहेतापनि स्थानीय तहसम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ । यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोराउपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजनासमेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नुपर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारीरूपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फर्स्यौटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेकोजस्ता व्यहोरा देखिएका छन् । त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरासहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षितरूपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरूउपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**जेठ, २०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
कोशी प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१
च.नं. १५१

विषयः **लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्ष ज्यू,
भोक्राहा नरसिंह गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
भोक्राहा, सुनसरी ।

१. कैफियतसहितको राय — हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियतसहितको राय व्यक्त गर्ने आधार —

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोषलगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरूपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ३ करोड ९६ लाख ३४ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रू. २ करोड १४ लाख ४८ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. १ लाख ४० हजार, नियमित गर्नुपर्ने रू. ८७ लाख ८५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ८८ लाख ८४ हजार र पेस्की बाँकी रू. ५ लाख ८४ हजार समेत रू. २ करोड ८३ लाख ९३ हजार रहेको छ । यस गाउँपालिकाको गत वर्षसम्म रू. १९ करोड १ लाख ७० हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रू. २१ करोड ८५ लाख ६३ हजार रहेको छ । यस गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गमादर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने भोक्राहा नरसिंह गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिताअनुसार हामीले कार्य गरेका छौं ।

लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

३. अन्य व्यहोरा- ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व सङ्कलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवम् कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. वित्तीय विवरणउपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी — नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी भोक्राहा नरसिंह गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी — वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूतरूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समयजस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)

**नायब महालेखापरीक्षक**

# भोक्राहा नरसिंह गाउँपालिका

सुनसरी जिल्ला

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रू. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | प्रतिकृयाबाट थप रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५९ | ४० | ३९६३४ | २ | ११ | २१४४८ | १०२०७ | ५७ | २९ | २८३९३ | १४० | ८७८४ | १८८८४ | ० | ० | २७६६८ | ५८४ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सुनसरी | १९०१७० | ० | ० | १९०१७० | ० | २८३९३ | २१८५६३ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८०(चालु वर्षको) | | | |
| १ | ०७९।८० | १९ | प्रमाण पेश भई फछ्र्योट | १३८४६५४७/- |
| २ | ०७९।८० | २१ | प्रमाण पेश भई फछ्र्योट | ७५३५८२/- |
| ३ | ०७९।८० | ४० | पेश्की फछ्र्योट | ३४००००/- |
| ४ | ०७९।८० | ६४ | असुल भई फछ्र्योट | १५६००/- |

| | | | | |
|---|---|---|---|---|
| ५ | ०७९।८० | ६८ | प्रमाण पेश भई फछ्यौंट | २०६४५१७/५७ |
| ६ | ०७९।८० | ७५ | प्रमाण पेश भई फछ्यौंट | ३९३३८१६/- |
| ७ | ०७९।८० | ८० | प्रमाण पेश भई फछ्यौंट | ४९३९९९/- |
| | | | **कुल जम्मा** | **२१४४८०६१।५७** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **परिचयः**

**(क) भोक्राहा नरसिंह गाँउपालिकाको परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ८ वडा रहेको छ भने क्षेत्रफल ६६.३७ वर्ग किलोमिटर रहेको छ । राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदनअनुसार ४९ हजार ३ सय ७१ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०९।०३ देखि २०८०।०९।०८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** यस पालिकाको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८०, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** यस पालिकाको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८०, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ आय — व्ययतर्फ रु.१,२१,९९,६०,४०७/६१ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विष्तृत विवरण अनुसूची-१ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) निम्नअनुसार देखिएको छः-

- पालिकाले पेश गरेको म.ले.प.फा.नं. २७२ मा श्रेस्ता अनुसार वर्षान्तको मौज्दात रु.३,८८,४८,२७९/६१ रहेकोमा बैंक तथा नगद बाँकी रु.५,३५,७४,४०८/६१ उल्लेख छ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१०८५४५३८२/- , स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम रु.९००००००/- र गरिबसँग विश्वेश्वर कार्यक्रम रु.४६५०००/- समेत गरी रु.११८०१०३८२/- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **फरक हिसाब-** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.२८७१६९११/-, यस वर्षको प्राप्ति रु.(४१००४६६३.२४)/- र यस वर्षको भुक्तानी रु.(२४२७८५३२.७६)/- फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ८२२९१३२० | ४३७६०९१५३.४६ | ४८१०५२१९४.१५ | ५३५७४४०८.६१ |
| एकीकृत आर्थिक विवरणअनुसार | ५३५७४४०९ | ४७८६१३८१६.७ | ५०५३३०७२६.९१ | ५३५७४४०८.६१ |

| | | | | |
|---|---|---|---|---|
| फरक | २८७१६९११ | -४१००४६६३.२४ | -२४२७८५३२.७६ | ० |

सैद्धान्तिक बेरुजु

५ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.८००५६४८३/- मौज्दात रहेकोमा यो वर्ष रु.८२२९१३२०/- जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२२३४८३७/- बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः-

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ३,५६,०७,९५३.९५ | ३,५६,०७,९५३.९५ | ० |
| चालु खर्च खाता | ५३,९३७.३२ | ५३,९३७.३२ | ० |
| पुँजीगत खर्च खाता | ४२,६४,०७१.०० | ४२,६४,०७१.०० | ० |
| विविध खर्च खाता | ४२,६१,६१०.०० | ४२,६१,६१०.०० | |
| स्थानीय तह विविध कोष खाता | ३,००,०००.०० | ३,००,०००.०० | ० |
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २२,६७३.०० | २२,६७३.०० | ० |
| धरौटी | ९०,६४,१६२.३४ | ९०,६४,१६२.३४ | ० |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | ० | ० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| बैङ्क | ५,३५,७४,४०७.६१ | ५,३५,७४,४०७.६१ | ० |
| **जम्मा** | | | ० |

सैद्धान्तिक बेरुजु

७ **खर्च विश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.५०२४८१३/२६, राजस्व बाँडफाँडबाट रु.९०९९१७७६/३८ र अनुदानबाट रु.३५२१७३५००/- समेत रु.४४८१९००८९/६४ आम्दानी भएकोमा चालुतर्फ रु.३००४६१५३/३२ र पूँजीगत तर्फ रु.१५८४३१९५१/०६ गरी जम्मा रु.४५८८९३४८३/३२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.०९ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु.५९,५०,०००.००/- खर्च भएको छ जुन आन्तरिक आयको ११८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६५.४८ प्रतिशत चालु र ३४.५२ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर) -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. ५३,९३७/३२ पुँजीगत खातामा रु.४२,६४,०७१/- मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रु.५८ करोड ५६ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ८ वडाको लागि वडागत र पालिकास्तरका कुल १७५ योजनामा बजेट विनियोजन गरेको छ।

| क्र.सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० सम्मका योजना सङ्ख्या | रु.५ लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १०३ | १५ | ५५ | ३३ |
| २. | वडास्तरीय | ७२ | २ | ३७ | ३३ |
| | जम्मा | १७५ | १७ | ९२ | ६६ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ ।जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **बजेट अवण्डा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अवण्डा

नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यस वर्ष रु.२५०००००/- अवण्डा बजेट व्यवस्था गरेको छ। बजेट अवण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **प्रगति विवरण -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने र दफा ७६(५) मा पालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम चौमासिक प्रगति विवरण तयारगरी सम्बन्धित निकायमा पेश गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **आयोगको परामर्श -** प्रदेश र स्थानीय तहको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) ऐन जारी भएको छ । उक्त ऐन अनुसार स्थानीय तहबाट निवृत्तभरण पाउने पदको नियुक्ति गर्दा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तता, स्थानीय तहको संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ । आयोगको परामर्श बेगर स्थानीय तहले ३ कर्मचारीको स्तरवृद्धि गरेको देखिएकोले ऐनको पालना गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ ।पालिकाले

यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ २४ कर्मचारीको रु.१,८४,८३,०००/- र पालिकाका ५२ कर्मचारीको रु.२,६५,०२,९३०/- समेत रु.४,४९,८५,९३०/- खर्च लेखेको छ । तलवी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलवी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ५२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार ९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **कर्मचारी व्यवस्था –**

**......... प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृयाको आधारमा मिति २०८०-१२-३० को निर्णयले रु.१,३८,४६,५४७/- सम्परीक्षण भई बेरुजु रकममा संशोधन गरि थप बेरुजु कायम गरिएको ।**

२० **अवकास कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा रु.१३००००/- ट्रान्सफर गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिकाले सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **धरौटी फिर्ता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा कट्टा गरिएको धरौटी रकम आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले तपशिल बमोजिमका फर्महरुलाई कर समायोजन गरेको कागजात बेगर धरौटी रकम भुक्तानी गरेको हुँदा कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं र मिति | विवरण | रकम रु. |
|---|---|---|
| ३७-०७९।१०।१७ | एच.एम.बिल्डर्स | ४८५००० |

| | | |
|---|---|---|
| ३९-०७९।१०।१९ | सप्तकोशी जलाधार निर्माण कम्पनी प्रा.लि. | १५३९५६९ |
| | जम्मा | २०,२४,५६९ |

(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश  भएको आधारमा मिति मिति २०८०-१२-३० निर्णयबाट रु.७५३,५८२।- सम्परीक्षण गरिएको । )

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,२४,५६९ |

२२ **विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ रु.३५,१९,७००/- खर्च गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.५०२४८१३/२६ को ७० प्रतिशत हुन आउँछ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२३ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.४९,७४,३८६/- आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.५०,२४,८१३।२६/- को ९८.९९ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड बेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२४ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा नियमावलीको व्यवस्था अनुसार प्रतिवेदनमा उल्लेखित मर्मत गर्नुपर्ने सामानको मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२५ **कर दायित्व -** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.८,८५४.७७/- देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,८५५ |

२६ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं | मुख्य क्षेत्र | वार्षिक बजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २४७७५००१ | १४३३७३८७ | ३.१ |
| २ | सामाजिक विकास | २००४६८२६३ | १६९३४५४९३.५६ | ३६.५८ |
| ३ | पूर्वाधार विकास | १७०९००००५ | १२५९८९३२७.०६ | २७.२१ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १९१५९००० | १६१६२५०७.८५ | ३.४९ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १७०३६७८५२.२ | १३७११७९५४.४५ | २९.६२ |
| कुल जम्मा | | ५८५६७०१२१.२ | ४६२९५२६६९.९२ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ३६.५८ प्रतिशत र आर्थिक विकासमा सबैभन्दा घटी ३.१ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

२७ **बेरुजु लगत -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३९ मा जिम्मेवार व्यक्तिले लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका नियमित गर्नुपर्ने तथा असुल उपर गर्नुपर्ने वा तर्नु बुझाउनुपर्ने भनी ठहर्याइएको बेरुजुको लगत कार्यालय स्तरमा राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम बेरुजुको लगत राखेको देखिएन । बेरुजुको लगत तथा सम्परीक्षणको अभिलेख अद्यावधिक नहुँदा कार्यालयको बेरुजु तथा सम्परीक्षणको तुलनात्मक अध्ययन विश्लेषण गर्न सकिएन । ऐनको व्यवस्था बमोजिम बेरुजु अभिलेख अद्यावधिक राख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने व्यवस्था उल्लेख छ । पालिकाको आर्थिक वर्ष २०७९।८० को सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छ । तसर्थ, आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोराको पूर्ण कार्यान्वयन गर्ने तथा कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१५,८४,३१,९५१।०६/- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३० **त्रैमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पूँजीगत खर्चतर्फ | १५,८४,३१,९५१.०६ | १३०८४,३६९.४३ | २,७०,०१,५६८ | २,५०,३५,५००.६३ | ९३३१०५१३ | ५,५९,०१,०१०.०० |
| प्रतिशत | १०० | ८.२ | १७ | १५.८ | ५९ | ३५.२८ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१५,८४,३१,९५१/०६ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. १,३०,८४,३६९/४३ (८.२ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. २,७०,०१,५६८/- (१७ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. २,५०,३५,५००/६३ (१५.८ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ९,३३,१०,५१३/- खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ५,५९,०१,०१०/- (३५.२८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७८।१३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेको छ । हालसम्म यस पालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका

बनाई लागु गरेको छैन । वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी बनाउन सकेको छैन । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्दधन प्रभावकारी हुन नसकेको अवस्था छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाइ यथाशीघ्र कार्यान्वयन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ **कानून र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६ वटा ऐन, ६ वटा नियमावली, ३१ कार्यविधि लगायत ५४ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५७ र यो वर्ष थप भएको ५१ गरी कुल १०८ विवाद दर्ता भएकोमा ६२ वटा मात्र फस्यौंट भई ४६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३४ **शिक्षक दरबन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४१ सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क.सं. | विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | ४१ | १२७ | १२२ | १२ | ८३७१ |

सैद्धान्तिक बेरुजु

३५ **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३८ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३६ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३७ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३८ **अनुदानको अनुगमन -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३९ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ । पालिकाले एक परामर्शदाता गाउँपालिकाको आवधिक योजना (२०८०/८१ - २०८४/८५) तयार गराएकोमा उक्त योजना गाँउकार्यपालिका बाट स्वीकृत गरी लागु गरेको देखिएन । साथै तयार भएको उक्त योजनामा सैद्धान्तिक रुपमा समग्र विषय वस्तु उल्लेख गरेको र आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र बजेटमा समेत आवधिक योजनाको कुनै विषयवस्तु उल्लेख गरेको देखिएन ।परामर्शदाता मार्फत तयार भएको आवधिक योजनाको विषवस्तु कार्यपालिकामा र सरोकारवालासँग छलफल तथा स्वीकृतगरी लागु गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४० **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ मा पेश्की दिईएको रकम तोकिएको म्यादभित्र फस्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ । निम्नानुसार पेश्की दिएको रकम रु.९,२४,२६४ /- आर्थिक वर्षको अन्त्य सम्मपनि फस्यौंट नभई बाँकी रहेको देखियो। पेश्की रकम नियमानुसार फस्यौंट गर्नुपर्दछ । म्याद नाघेको पेश्की रु.

| क.सं | पेश्की लिनेको नाम | प्रयोजन | पेश्की रकम | म्याद नाघेको |
|---|---|---|---|---|
| १ | सुनिता कुमारी उरावँ | कार्यक्रम खर्च (न्यायीक) | २९७२०० | २९७२०० |
| २ | रामाशंकर प्रसाद साह साह | मातृ तथा नवशिशु कार्यक्रम | १००००० | १००००० |
| ३ | बुद्धिमान कार्की | नयाँ माछा पकेट विकासकार्यक्रम सञ्चालन | ३२६६ | ३२६६. |
| ४ | विवेक यादव | नयाँ मकैबाली पकेट विकासकार्यक्रम सञ्चालन | १८३७९८ | १८३७९८. |
| ५ | जल्पापुर मुसलिम निर्माण सेवा | विद्यालय भवन निर्माण | १०४०००० | |
| ६ | श्री महेश्र्वरी निर्माण सेवा | विद्यालय भवन निर्माण | १४००००० | |
| | | जम्मा | २४४०००० | ५८४,२६४/- |

**(प्रारम्भिक प्रतिवेदन उपर पेश्की फस्यौंट भएको आधारमा मिति मिति २०८०-१२-२८ निर्णयबाट रु.२,८१,५००/- सम्परीक्षण गरिएको । )**

| पेश्की | ५,८४,२६४ |
|---|---|

४१ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१,४८,८०,९४२/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.५०२४८१३/२६ आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

४२ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।पालिकाको निम्न विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.५५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३२४११५५३१।४१ | ५०२४८१३।२६ | १.५५ |

सैद्धान्तिक बेरुजु

४३ **राजश्व अभिलेख-** पालिकाले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । अतः पालिकाले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

४४ **राजस्व असुली -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिकाको राजस्व दाखिला समयमा भएको पाइएन । पालिकाभित्रका ८ वडाहरुमध्ये नमुना छनौट गरी वडा नं २ र ५ को राजस्व असुली परीक्षण गर्दा वडा नं ५ को राजस्व रु.४१७१९७/- असुली भएकोमा रु.३२८०३६/- मात्र दाखिला गरेको पाइएकोले बाँकी रकम दाखिला गर्नुपर्ने रु.

| **क सं** | **वडा नं** | **अशुली रु.** | **दाखिला रु.** | **दाखिला गर्न बाँकी** |
|---|---|---|---|---|
| १ | ५ (वडा सचिव सुधीरकुमार दास) | ४१७१९७ | ३२८०३६ | ८९१६१ |

| असुल गर्नुपर्ने | ८९,१६१ |
|---|---|

४५ **कर तथा शुल्क असुलीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित

असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ४,५०,०००.०० | ६,८०,०५९.२४ | १५१ |
| घरजग्गा वहाल कर | २,८०,०००.०० | ३,१६,२८९.०० | ११२ |
| वहाल विटौरी शुल्क | ५०,०००.०० | १,२५,६६७.०० | २५१ |

सैद्धान्तिक बेरुजु

४६ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा **५८** मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । । यस वर्ष पालिकाले व्यावसाय रजिष्ट्रेशन दस्तुर शुल्क वापत रु.२६,९६५ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४७ **कानुनी सल्लाहकार -** कोशी प्रदेश स्थानिय तह पदाधिकारी सुविधा सम्बन्धि ऐन, २०७५ बमोजिम गाँउपालिकाले कानुनी सल्लाहकार राख्न मिल्ने देखिंदैन । पालिकाले मासिक रु.१७,५००/- सुविधा दिनेगरी एक कानुनी सल्लाहकार नियुक्तगरी यस वर्ष रु.२,१०,०००/- भुक्तानी दिएको देखियो । ऐन बमोजिम राख्न नमिल्ने कानुनी सल्लाहकार नियुक्तगरी दिएको भुक्तानी नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,१०,०००/- |

४८ **अंग्रेजि माध्यम पठन पाठन -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(ज) मा आधारभुत तथा माध्यमिक शिक्षा स्थानिय तहको अधिकार हुने उल्लेख छ ।पालिकाले यस वर्ष श्री शारदा माध्यमिक विद्यालयमा अंग्रेजी माध्यम लागु गर्ने कार्यक्रमा रु.१० लाख विनियोजन नेपाल सरकार समानिकरण अनुदान शिर्षकबाट खर्च गरेको देखियो । खर्च सम्बन्धि श्रेस्ता परीक्षण गर्दा अंग्रेजी माध्यम पढाउन २ जना आधारभुत र २ जना मा.वि. शिक्षको तलब, शैक्षिक भ्रमण र पुस्तकालय व्यवस्थापनमा भएको खर्चको विल भरपाई संलग्न राखि भुक्तानी दिएको देखियो । सामुदायिक विद्यालयमा गरिने पठन पाठनको माध्यम नेपाल सरकारले परिवर्तन नगरेको र पालिकाले अन्तर्गत विद्यालयमा थप गरिने शैक्षिक कार्यक्रमको लागि आन्तरिक स्रोत तथा विद्यालयको स्रोतबाट खर्च व्यहोर्नेगरी कार्यक्रम स्वीकृत गर्नुपर्नेमा समानिकरण अनुदानबाट खर्च गरेको देखियो । समानिकरण अनुदानबाट थप शैक्षिक कार्यक्रमको लागि खर्च गर्न मिल्ने नदेखिएकोले यस कार्यक्रममा गरेको भुक्तानि नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १०,००,००० |

४९ **अन्य निकाय खर्च** - पालिकाले आफ्नो छेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरुको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्विकृती प्राप्त गरे पछी मात्र खर्च व्यहोर्नु पर्दछ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसारका संघ/संस्था र कार्यालयलाहरुलाइ निम्नानुसारको खर्चको भुक्तानी दिएको छ ।अन्य सरकारी कार्यालयहरुको खर्च तालुक मन्त्रालयको स्वीकृती बेगर पालिकाबाट खर्च गरिएको रकम दोहोरो भए नभएको एकिन गर्न सकिएन । यसरी खर्च गर्दा पालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा समेत असर पर्ने देखिन्छ । यसरी छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका देहायका कार्यालय तथा सघंसस्थाहरुलाइ विभिन्न कामको लागि भुक्तानी दिएको रकम नियमसम्मत नभएको रु.

| कार्यलयको नाम | वापत | रकम |
|---|---|---|
| सिसुवा प्रहरी चौकी | चौतारा निर्माण र मर्मत | ५०१८१३ |
| जिल्ला प्रहरी कार्यालय | १ थान ल्यापटप | ८४२५० |
| जिल्ला प्रहरी कार्यालय | कवर्डहल निर्माण सामाग्रि | १९९८५० |
| अकाहा प्रहरी चौकि | थप निर्माण कार्य | ५३३०२५ |
| इलाका प्रहरी कार्यालाय लौकही लगायत ६ प्रहरी चौकी र BOP | मौलो पूजा | ८०००० |
| सुखसेना शाखा नहर जल उपभोक्ता समन्वय समिति | कार्यालय व्यवस्थापन | १५०००० |
| | जम्मा | १४,६२,३७५/- |

| | |
|---|---|
| अनियमित भएको | १४,६२,३७५ |

५० **दीपावली मेला सहयोग-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९( १०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भूक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ।मिति २०७९/७/२ गतेको कार्यपालिका बैठकले वडा नं.७ को दीपावली मेलामा कुस्ती प्रतियोगिता संचालनको लागि श्री कालिमन्दिर पुजा तथा मेला समितिलाई रु.२ लाख आर्थिक सहयोग दिने निर्णय गरेको देखियो । कार्यालयले उक्त आर्थिक सहयोग रकम श्री कालिमन्दिर पुजा तथा मेला समितिको खातामा निकासा दिनुपर्नेमा उक्त समिति अध्यक्षलाई भुक्तानी दिएको देखियो । समितिको खातामा रकम निकासा नदिई व्यक्तिलाई भुक्तानी दिएकोले उक्त रकम मेला समितिमा दाखिला भई समितिको निर्णयअनुसार खर्च भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

५१ **अध्यक्ष शैक्षिक सुधार कार्यक्रम** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा ऐन तथा बनाईएको ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । पालिकाले यस वर्ष अध्यक्ष शैक्षिक सुधार कार्यक्रममा रु.७३,००,०००/- बजेट विनियोजनगरी रु.६२,१३,०१३/- खर्च गरेको देखियो । यस कार्यक्रम शिर्षकमा भएको खर्च मध्ये नमुना छनौटको आधारमा केही खर्च भौचर परीक्षणगर्दा कार्यक्रम उदघाटन खर्च, स्टेशनरी,

पंखा,डेक्स बेन्च, स्यानेटरी प्याड डिस्पोजल मेसिन लगायत खरिद गरि विभिन्न विद्यालयहरुलाई वितरण गरेको भरपाई संलग्न राखेको देखियो । अध्यक्ष शैक्षिक सुधार कार्यक्रम संचालन सम्बन्धमा कुनै कार्यविधि स्वीकृत गरेको देखिएन । कार्यविधि नहुँदा कार्यक्रमको उद्देश्य पुरागर्न संचालन गर्नुपर्ने कृयाकलापका साथै सो संचालन सम्बन्धि विधि प्रकृयाको यकिन गर्न सकिएन । यस वर्ष कार्यक्रम संचालन पश्चात पालिकाको शैक्षिक उपलब्धिको विषयमा तुलनात्मक अध्ययन तथा विश्लेषण समेत गरेको देखिएन । कार्यक्रम संचालन सम्बन्धि कार्यविधि/ मार्गदर्शन तयार गरी कार्यक्रम संचालन पश्चातको उपलब्धिको मूल्याङ्कनगरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५२ **इन्धन खर्च-**

**......... प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृयाको आधारमा सैद्धान्तिक बेरुजुमा उल्लेखित रकम मिति २०८०-१२-३० को निर्णयले संशोधन गरी थप बेरुजु कायम गरिएको ।**

५३ **गाडि भाडा** - कार्यालयले उपलब्ध गराएको जिन्सि प्रतिवेदन अनुसार कार्यालयमा १ वटा साना सवारी साधन चालु अवस्था रहेको छ । कार्यालयले यस वर्ष कार्यालय प्रयोजनकोलागि मासिक चालक,इन्धन र मर्मतबाहेक रु.८६०००/- भुक्तानी दिनेगरी सवारीधनीसँग सम्झौतागरी सावारी भाडामा लिई रु.१०,३२,०००/- भुक्तानी दिएको देखियो । कार्यालय प्रयोजनकोलागि कार्यालयमा १ थान सवारी भएको अवस्थामा मासिक रुपमा सवारी भाडा लिई भुक्तानी दिने मिल्ने नदेखिएकोले सवारी भाडावापत दिएको भुक्तानी नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १०,३२,०००/- |

५४ **विद्यालय अनुगमन प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि व्यवस्था गरेको छ । साथै शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकका २०७९/८० मा सामुदायिक विद्यालयलाई निकासा दिएको अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा समेत पालिकाले अनुगमन गर्नुपर्ने उल्लेख छ । नगरपालिकाबाट अनुमति लिई सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुको व्यवस्थापन र अनुगमन सम्बन्धमा पालिकाले मापदण्ड निर्धारण गरेको देखिएन । संस्थागत विद्यालयको शुल्क निर्धारण तोकिए बमोजिम गरे नगरेको साथै पालिकाबाट निकासा भएको अनुदान रकम तोकिएको प्रयोजनमा खर्च भए/नभएको सम्बन्धमा अनुगमनगरी प्रतिवेदन तयार गरेको देखिएन । नगरपालिकाले पालिकाक्षेत्रमा सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी शैक्षिक गुणस्तर बृद्धिमा ध्यान दिनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५५ **शिक्षक दरवन्दी मिलान** - शिक्षक दरवन्दी मिलानः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० वुँदा नं त अनुसार नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६।०५।०४ को निर्णयको आधारमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयवाट पुनर्विरतरित शिक्षक दरवन्दी विवरण अनुसार खुद पुलमा रहेका दरवन्दी मिलान गर्न बाँकी रहेका शिक्षकहरुको दरवन्दी स्थानिय तहले प्रथम चैमासिक भित्र मिलान कार्य सम्पन्न गरी सो को प्रतिवेदन केन्द्रमा पठाउनु पर्ने व्यवस्था रहेकोमा सो गरेको देखिएन ।

सैद्धान्तिक बेरुजु

५६ **विद्यालयगत निकासा रजिस्टर्ड** - आर्थिक कार्यविधि नियमावली तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम २७ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरी यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएकोबारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५७ **शैक्षिक तथ्यांक** - पालिकाले शिक्षा क्षेत्रको सशर्त अनुदानको रकम खर्च गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका आ.ब.२०७९/८० मा भएको व्यवस्था बमोजिम गर्नुपर्दछ । कार्यालयले कृयाकलाप नं १.१.४.१ प्रारम्भिक वाल विकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान वापत त्रैमासिक रुपमा तलव भत्ता रकम सम्बन्धित विद्यालयमा निकासा गरी खर्च लेखेको छ । विद्यालयलाई तलव भत्ता लगायतका अनुदान उपलव्ध गराउँदा सम्बन्धित संस्थाले शैक्षिक तथ्यांक (EMIS), २०७९।८० भरी प्रमाणित भएको यकिन गरेर मात्र उपलव्ध गराउनु पर्ने व्यवस्था कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएकोमा विद्यालयले भरेको शैक्षिक तथ्यांक यथार्थपरक भए नभएको सम्बन्धमा पालिकाले निरीक्षण गर्ने एवं प्रमाणित गर्ने गरेको नदेखिएकोले उक्त तथ्यांकको आधारमा नगरपालिकाले उपलव्ध गराएको अनुदान रकम सही हो भनी यकिन गर्न सकिएन ।कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेखित व्यवस्था बमोजिम विद्यालयले भरेको विवरण यकिन तथा प्रमाणित गरेरमात्र अनुदान निकासा दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५८ **औषधि खरिद- ......... प्रारम्भिक प्रतिवेदन उपर प्रप्त प्रतिकृया र प्रमाणको आधारमा मिति २०८०-१२-३० को निर्णयले बेरुजुमा उल्लेखित रकम संशोधनगरी थप बेरुजु कायम गरिएको ।**

५९ **न्यानो झोला** - स्वास्थ तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका २ बर्थिङ सेन्टरका लागि प्रति थान रु.८९८.३५ का दरले ३५० थान रु. ३१४,४२३/- खरिद गरेकोमा यो वर्ष २१७ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ५० थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६० **हेर्जाङ तथा पोशाक भत्ता-** पालिकामा कार्यरत अनमि चौथो वि.एन. अध्ययनका लागि तलवी अध्ययन विदा स्वीकृत गराई अध्ययन गरेकोमा २०७६ फागुन देखि २०८० सम्मको हेर्जाङ भत्ता रु. १२,३००/- र पोशाक भत्ता वापत प्रति वर्ष रु.१००००/- दरले २०७६,२०७७ र २०७८ को ३००००/- समेत रु. ४२३००/- खर्च लेखेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४२,३०० |

६१ **वढी भुक्तानी** - भौ नं. ३२५/२०८०।३।१९ वाट नयाँ माछा विकास कार्यक्रम अन्तर्गत जे पि कृषि फर्मलाई ५० प्रतिशत अनुदानमा नयाँ माछा पकेट क्षेत्रको लागि रु.२,९०,७८९/- भुक्तानी दिएकोमा पोखरी खन्ने काम, माछाका भुरा खरिद, माछाको आहार लगायतको रु.४९७२७२/- को मात्र विल भरपाई पेश भएको देखिन्छ । जस अनुसार पालिकाले व्यहोर्नु पर्ने रु.२४८६३६/- मात्र उक्त फर्मलाई भुक्तानी दिनुपर्नेमा रु.२९०७८९।- भुक्तानी भएको वढी रकम असुल हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४२,१५३ |

६२ **मल्टिक्रप्स थेसर खरिद** - प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वय म्यानुयल २०७७ को वुँदा नं ४.१.९.२ मा उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम संचालन प्रकृया उल्लेख छ। त्यस्तै दा नं ४.१.९.२(ग) मा स्थानीय तहवाट स्वीकृत लाभान्वित वर्गको सहभागिता प्राविधिक समितिले तालिका-२ मा उपयुक्त क्रियाकलाप छनौट गरी स्थानीय दररेटको आधारमा लागत अनुमान तथा कार्य योजना तयार गर्नु पर्ने उल्लेख छ । पालिकाले आर्थिक वर्ष २०७९।८० को लागि नयाँ मकैवाली पकेट विकास कार्यक्रम अन्तर्गत मिथिला कृषि सहकारी संस्था लि.लाई मल्टिक्रप्स थ्रेसर खरिदको लागि रु.३,६४,०००/- भुक्तनी गरेकोमा उक्त थ्रेसरको लागत अनुमान तथा स्पेसिफिकेशन तयार गरेको देखिएन । खरिद भएको थ्रेसर फार्मस्टार एग्रो प्रा.लि. संग रु.७,२८,०००।०० खरिद गरी फर्मले ल्याए पनि सम्वन्धित प्राविधिकले स्पेसिफिकेशन प्रमाणित गरेको देखिएन । खरिद भएका सामानको लागत अनुमान तथा प्राविधिक पुस्ट्याई हुनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६३ **पकेट कार्यक्रम** पालिकामा यो वर्ष पकेट विकास कार्यक्रम अन्तर्गत नयाँ माछा पकेट कार्यक्रम संचालन गरी रु. १२,२६,०८८/- र नयाँ मकै वाली पकेट कार्यक्रम संचालन का लागि रु. १५,५७,७३२/- समेत जम्मा रु. २७,८३,८२०/- खर्च भएको छ । पालिकाले अनुदान वितरण गर्दा सूचना मार्फत गरे पनि सम्पूर्ण लाभग्राही समूह समक्ष उक्त सूचना पुग्ने आधार देखिएन । विभिन्न सहकारी तथा कृषक समुह मार्फत अनुदान बितरण गरेको देखिएकोमा उक्त अनुदान रकमको सही उपयोग भए नभएको सम्बन्धमा लेखाजोखा हुनुपर्दछ साथै अनुदानित कार्यक्रमको प्रभावकारिता अनुगमन गरी भविष्यमा सञ्चालन गर्ने कार्यक्रमको मापन गर्ने सम्वन्धमा उपयुक्त व्यवस्थापन गर्नु पर्दछ । पालिकाले अनुदान प्राप्त गर्ने अनुदानग्राहीको अभिलेख राखी उक्त सेवा नपाउनेलाई प्राथमिकतामा राखी आगामी आर्थिक वर्षमा अनुदान वितरण हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६४ **नर्स्र** -

......... **प्रारम्भिक प्रतिवेदन उपर असुल भएको प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-३० को निर्णयवाट रु.७,८००/- सम्परीक्षण गरिएको ।**

६५ **नेपाल विद्युत प्राधिकरण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा सार्वजनिक निकायका प्रमुखले निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गाराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने उल्लेख छ ।कार्यालयले विद्युतपोल सार्ने कार्यकोलागि नेपाल विद्युत प्राधिकरणलाई लागत नुमानको आधारमा भुक्तानी दिएको निम्नानुसारको रकमको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| गो. भौ.नं./ मिति | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|
| १५२-०७९/६/१४ | विद्युत पोल सार्ने कार्य | ५०७२१/२५ |
| ५११-०७९/९/४ | विद्युत पोल सार्ने कार्य | १०००००/- |
| | जम्मा | १५०७२१/२५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५०,७२१.२५ |

६६ **सोझै खरिद** - सार्वजनिक खरिद नियमाली, २०६४ को नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी दश लाख रुपैया भन्दा बढीको लागत अनुमान भएको मालसामान एकै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नहुने उल्लेख छ । कार्यालयले यस वर्ष चौधरी इम्पेक्स, इनरुवाबाट नियमावलीमा तोकिएको सिमा भन्दा बढी रकम रु.१२,७१,१११/- को मालसामान एकै सोझै खरिद गरेको देखियो । नियमावलीको सिमा भन्दा बढी रकमको खरिद एकै फर्मबाटगरी दिएको भुक्तानी नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १२,७१,१११ |

६७ **परामर्स तथा डीपीआर खर्च** - बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|
| गा.पा. भित्रमा विभिन्न ५ सडको **DPR** | ईशु इन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा.लि. | १५३९०६०/- | |
| वडा नं. १ को विभिन्न सडको **DPR** | वि.ई.एस कन्सल्टेन्सी प्रा.लि. | ४६००००/- | |

| | | | |
|---|---|---|---|
| | जम्मा | १९९९०६०/- | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा स्वीकृत बजेटकै हाराहारीमा हुनेगरी इन्जिनियरिङ्ग परामर्शकोलागि शहरी विकास मन्त्रालय तथा सडक विभागको नर्म्सलाई आधार मानि तयार गरेको देखियो । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । सथै डी.पी.आर.तयार भएका आयोजना कार्यान्वयन भए / नभएको अद्यावधिक अभिलेख राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६८ **टुक्रा खरिद- .......... (प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया तथा प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु. २०६४५१७।५७ सम्परीक्षण भई बेरुजुमा उल्लेखित भाषा संशोधनगरी थप बेरुजु कायम गरिएको ।)**

६९ **रनिङ्ग विल भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९( १०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भूक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । ठे.नं. ०७-२०७७।७८ वडा नं.१,४ र ५ भवन निर्माण कार्यको निर्माण व्यवसायी पुष्पाञ्जली/जोया एण्ड ब्रोदर्श जे.भी.लाई चौथो रनिङ्गविल भुक्तानी गर्दा रु.७,६९,३८३/६८ र ठे.नं. ०८-२०७७।७८ वडा नं.२,३,६,७ र ८ भवन निर्माण कार्यको निर्माण व्यवसायी हिराचन/ ए.एम/ एच.एम.जे.भी.लाई सातौं रनिङ्गविल भुक्तानी गर्दा रु.१५,०६,०६२/९६ बढी भुक्तानी दिएको रकम लेखापरीक्षणको क्रममा औल्याएपछि मिति २०८०/११/१४ र २०८०/११/१७ मा उपरोक्त निर्माण व्यवसायिलाई क्रमशः छैटौं र दशौं रनिङ विल भुक्तानी गर्दा घटाएर भुक्तानी दिएको छ । रनिङ्ग विल भुक्तानी गर्दा वास्तविक नापजाचको आधारमा भुक्तानी दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७० **वडा नं.१,४,५ भवन कम्पाउण्डवाल निर्माण-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले निर्माण कार्यको नक्सा तथा डिजाइन तयार गर्नुपर्ने, दफा मा खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने र दफा ५क मा निर्माण कार्यको नक्सा, डिजाइन र लागत अनुमान तोकिए बमोजिम स्वीकृत गर्नुपर्ने उल्लेख छ । कार्यालयले वडा नं.१,४ र ५ वडा कार्यालय भवनको लागत अनुमानमा कम्पाउण्ड वालको काम समावेश नगरी भवनको कार्य मात्र राखेको देखियो । भवन निर्माणको कार्य बोलपत्रको माध्यमबाट लागत अनुमान रु.४,४४,१५,७४१/५७ को ३५ प्रतिशत घटी रु.२,८९,८२,०७१/७३ मा पुष्पाञ्जली/जोया एण्ड ब्रोदर्श जे.भी.सँग सम्झौतागरी निर्माणकार्य गराएको देखियो । सोही भवनहरुको कम्पाउण्ड वालको कार्यकोलागि छुट्टा छुट्टै ३ वटा लागत अनुमान तयार गरी ३ निर्माण व्यवसायिहरुसँग सोझै सम्झौता तथा कार्य गराई जम्मा रु.२८,२१,७६८/- भुक्तानी दिएको देखियो । शुरु लागत अनुमानमा कम्पाउण्ड वालको कार्य नराखेको तथा ठेक्का मार्फत निर्माण कार्य संचालन रहेको अवस्थामा थप निर्माण कार्य गराउनुपर्दा स्पष्ट कारण सहित नियमानुसार

भेरिएन आदेश जारिगरी कार्य गराउनुपर्नेमा छुट्टै लागत अनुमान तयारगरी सोझै कार्य गराई दिएको भुक्तानी नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २८,२१,७६८/- |

७१ **बढी लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कामको स्विकृत नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले प्रशासकिय भवन निर्माण कार्यकोलागि शहरी विकास तथा भवन निर्माण विभागको नर्म्स प्रयोगगरी लागत अनुमान तयार गरेको देखियो ।निर्माण कार्यको लागत अनुमान परीक्षणगर्दा Brick masonry १:६ को प्रति घनमीटर रु.१२,९६९.९३ दर राख्नुपर्नेमा रु.१३५४१.८७ राखि प्रति घन मीटर रु.५७१.९४ बढी दर राखेको देखियो ।यस क्षेत्रमा उपलब्ध इटाको साइजको आधारमा प्रति घनमीटर बढीमा ४०० वटा इटा राख्नुपर्नेमा सो भन्दा बढी संख्याराखी बढी लागत अनुमान तयारगरी सोहि आधारमा बोलपत्रको मूल्याङ्कनगरी भुक्तानि दिएकोले बढी भुक्तानी भएको देखियो । उक्त भवन निर्माणमा Brick masonry १:६ को कुल परिमाण ५१०.५० घनमीटरको प्रति घनमीटर रु.५७१.९४ को दरले बढी व्ययभार परेको रु.

| | |
|---|---|
| अनियमित भएको | २,९१,९७५.३७ |

७२ **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा सार्वजनिक निकायका प्रमुखले निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गाराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने उल्लेख छ । कार्यालयले देहाय अनुसार निर्माण सामग्री खरिदगरी रु.९७१४९५/- भुक्तानी खर्च लेखेकोमा उक्त प्रयोग भएको देखिने प्राविधक नापजाँच तथा कार्य सम्पन्न प्रतिवेदन संलग्न छैन । खरिद गरेको सामान वितरण भरपाईको आधारमा खर्च जनाएकोले प्रयोग भएको सम्बन्धमा प्राविधिक पुष्टयाई समेत कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ रु.

| गो.भौ.नं./ मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|
| ६६-०७९/१२/१ | ह्यूम पाइप ४६ थान | ९७१४९५/- |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,७१,४९५ |

७३ **सामाजिक सुरक्षातर्फः**

७३.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ । कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले लक्ष्मी सनराइज बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ । यस आ.व.मा सामाजिक सुरक्षा भत्ता वितरण गर्न बैंकलाई रु.१०८५४५३८२।-निकासा दिएको मध्ये रु.१०८२६४७१८।- वितरण गरी बाँकी रकम रु.२८०६६४- सहित मिति २०८०।६।११ मा भौचर नं ५३५०४२८० बाट रु.२८२८४८।- कोष तथा लेखा नियन्त्रक कार्यालयमा दाखिला गरेको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ ।

**पालिकाको विविध खाताः** पालिकाले सामाजिक सुरक्षा भत्ता वितरणको लागि बैंकलाई पठाएको रकम लाभग्राहीहरुको खातामा वितरण गरी बाँकी रहेको रकम सम्बन्धमा बैंकसँग यकीन गरी उक्त रकम फिर्ता लिई हिसाव मिलान गर्नुपर्नेमा पालिकाको विविध कोष खाताको खाता नं.०७९०३०००१५१ मा फिर्ता गरीदिन बैंकलाई अनुरोध गरे बमोजिम बैंकले बाँकी रकम विविध खातामा जम्मा गरीदिएको देखियो र भत्ता वितरण गर्न नपुग रकम भनी पुनः विविध खाताबाट पनि बैंकलाई निकासा दिएको देखियो । बितरण गरी बैंकमा बाँकी रहेको रकम बैंकबाट पालिकाको विविध खातामा जम्मा गरी खर्च गरिनु नियमसंगत नभएकोले आगामी दिनमा यस्ता कार्यको अन्त्य हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७३.२ **तुलनात्मक विवरणः** यस पालिकाबाट गत आर्थिक वर्ष २०७८।७९ र आर्थिक वर्ष २०७९।८० मा देहाय अनुसारका लाभग्राही रहेको देखियो ।

| क.सं | लाभग्राही वर्ग | भत्ता दर | २०७८।७९ मा रहेको लाभग्राही संख्या | २०७९।८० मा रहेको लाभग्राही संख्या |
|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक भत्ता(६८ वर्ष उमेर पुगेको) | ४००० | १२५१ | १५०२ |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | २६६० | १५६ | १७६ |
| ३ | जेष्ठ नागरिक एकल महिला | २६६० | २८६ | २७६ |
| ४ | विधवा | २६६० | ४८६ | ५१४ |
| ५ | पूर्ण अपाङ्गता भत्ता | ३९९० | ३७ | ३५ |
| ६ | अति अशक्त अपाङ्गता भत्ता | २१२८ | १७१ | २०३ |
| ७ | बालबालिका | ५३२ | ३८२ | ३०९ |
| | जम्मा | | २७६९ | ३०१५ |

पालिकाले सामाजिक सुरक्षा वापत आर्थिक वर्ष २०७८।७९ मा लाभग्राहीलाई रु.९४११३१४१/- खर्च भएकोमा आ.व. २०७९।८० मा रु.१०८५४५३८२/- खर्च भएको देखिन्छ। गत वर्षको तुलनामा यो वर्ष रु.१४४३२२४१/- बढी खर्च भएको छ ।

सैद्धान्तिक बेरुजु

७३.३ **लाभग्राहीको अभिलेख -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरि स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ । सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन । साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ । उक्त प्रणालीमा

सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरि अद्यावधिक गर्नुपर्दछ । पालिकाले सो प्रणालीमा लाभग्राहीको फोटो सहितको पुरा विवरण अभिलेख राखि अद्यावधिक गरेको देखिएन ।

सैद्धान्तिक बेरुजु

७३.४ **सार्वजनिक सुनुवाई -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा ३१ र ३४ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित गाउँ सभा वा नगर सभामा पेश गर्नुपर्ने र पालिकाले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने व्यवस्था भएकोमा कार्यविधि बमोजिम भएको देखिएन । साथै स्थानीय तह तथा वडा समितिले प्रचलित कानून बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धि विषय समेत समावेश गर्नुपर्ने व्यवस्था भएकोमा सार्वजनिक सुनुवाई भएको देखिएन ।

सैद्धान्तिक बेरुजु

७३.५ **निस्कृय खाता -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधिको दफा २३ र २४ मा बैंक मार्फत भत्ता वितरण गर्दा बैंकले स्थानीय तहबाट प्रणाली मार्फत फर्वाड फिड बमोजिमको लाभग्राहीको विवरण प्राप्त गर्ने र प्राप्त विवरणको आधारमा सम्बन्धित लाभग्राहीका नाममा निजको उपस्थिति विना शून्य मौज्दातमा वचत खाता खोल्नुपर्ने र यसरी खोलिएको खाता सम्बन्धित लाभग्राहीले आवश्यक कागजात पेश गरेपछि क्रियाशील हुने उल्लेख छ । साथै खाता सञ्चालन गर्ने बैङ्क तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई दिनुपर्ने व्यवस्था रहेकोमा सो अनुसार विवरण प्राप्त गरि कार्य गरेको पाइएन । पालिकाले कार्यविधिमा व्यवस्था भए बमोजिम निष्कृय खाताको विवरण माग गरी निष्कृय खाताका लाभग्राहीहरु मध्ये वास्तविक लाभग्राहीहरु सम्बन्धमा सम्बन्धित वडाबाट यकिन गरी लाभग्राही नभएको अवस्थामा खातामा निस्कृय रहेको रकम नियमानुसार असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७४ **प्रधानमन्त्री रोजगार -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा १७ योजना सञ्चालन गरी यस वर्ष सूचिकृत भएका मध्ये १२४ जनालाई औसत ८६.४३ दिनले रोजगारी उपलव्ध गराई रु. ६१८४२८६/- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७५ **विषयगत तालिम - .......... ( प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया र प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।३० को निर्णयबाट रु. ३९,३३,८१६।- सम्परीक्षणगरी थप बेरुजु कायम गरिएको ।)**

७६ **स्थानीय पाठ्यक्रम** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९( १०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भूक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।कार्यालयले स्थानीय पाठ्यक्रम निर्माणमा निम्नानुसार रु.९,८९,०००/- भुक्तानी खर्च गरेकोमा तयार भएको स्थानीय पाठ्यक्रम पालिकाबाट स्वीकृत भई लागु भएको देखिएन । तयार भएको स्थानीय पाठ्यक्रम स्वीकृत भई लागु भएको प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं./ मिति | विवरण | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ११३२-०८०/१/२४ | स्थानीय पाठ्यक्रम | नेपाल करियर ट्रेनिङ्ग फाउण्डेसन प्रा.लि. | ४९४००० |
| ११३३-०८०/१/२४ | स्थानीय पाठ्यक्रम | मल्टीफेरियस कन्सल्टेन्सी एण्ड रिसर्च सेन्टर प्रा.लि. | ४९५००० |
| | | जम्मा | ९८९००० |

| प्रमाण पेश नगरेको | ९,८९,००० |
|---|---|

७७ **वितरण भरपाई-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९( १०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भूक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। कार्यालयले ५० वटा स्मार्ट नोटबुक खरिदगरी स्मार्ट टेक नेपाल प्रा.लि.लाई रु.२,४८,६००/- भुक्तानी दिएको देखियो । खरिद भएका उक्त स्मार्ट नोटबुक वितरण गरेको प्रमाण संलग्न राखेको देखिएन । स्मार्ट नोट बुक प्रयोजन समेत खुल्नेगरी वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | २,४८,६०० |
|---|---|

७८ **वडा स्तरीय वडाध्यक्षकप क्रिकेट** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा तोकिएबमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । कार्यालयले निम्नानुसार उपभोक्ता समिति मार्फत खेलकुद प्रतियोगिता संचालन गरी भुक्तानी दिएको देखियो । खेलकुद प्रतियोगिता संचालन गर्ने उद्देश्यले स्थापना भएको क्लब, समुह वा संस्थामार्फत संचालन गर्नुपर्ने प्रतियोगिता उपभोक्ता समिति गठनगरी संचालन गराई दिएको भुक्तानी नियम सम्मत नदेखिएको रु.

| सि.नं. | उपभोक्ता समितिको नाम | भुक्तानी रकम |
|---|---|---|

| | | |
|---|---|---|
| १ | वडा स्तरीय वडाध्यक्षकप क्रिकेट प्रतियोगिता उपभोक्ता समिति वडा नं.६ | ४८५०००/- |
| २ | वडा स्तरीय वडाध्यक्षकप क्रिकेट प्रतियोगिता उपभोक्ता समिति वडा नं.८ | १६००००/- |
| | जम्मा | ६४५०००/- |

| | |
|---|---|
| अनियमित भएको | ६,४५,००० |

७९ **कार्यक्षेत्र बाहिरको स्कुललाई सहयोग** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९( १०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भूक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ।कार्यालयले यस पालिकाको क्षेत्राधिकार भन्दा बाहिर हरिनगर गाँउपालिका वडा नं.१ मा रहेको पब्लिक स्कुललाई शैक्षिक कार्यक्रम सहयोग वापत रु.५००००/- भुक्तानि दिएको देखियो । कार्यक्षेत्र भन्दा बाहिरको विद्यालयलाई शैक्षिक कार्यक्रम वापत सहयोग गर्न मिल्ने आधार नदेखिएकोले दिएको सहयोग नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५०,००० |

८० **राजश्व सम्भाव्यता अध्ययन तथा प्रक्षेपण - .......... ( प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।३० को निर्णयबाट रु.४,९३,९९९।- सम्परीक्षण गरिएको )**

८१ **सुरक्षित नागरिक आवास कार्यक्रम** - सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि,२०७५ को दफा ५(७ र ८) बमोजिम प्रथम किस्ता वापत प्राप्त रकम लाभग्राहीले जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनी सम्बन्धित स्थानीय तहको प्राविधिकबाट अनुसूची-३ बमोजिमको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा लाभग्राहीलाई दोस्रो तथा अन्तिम किस्ता वापत को रकम उपलब्ध गराउने व्यवस्था छ । सोही कार्यविधिको दफा ६ मा जुन प्रयोजनका लागि अनुदान रकम उपलब्ध गाराईएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाईएमा वा किस्ता बमोजिमको गर्नुपर्ने कार्य प्रगति अनुदान उपलब्ध गराईएको मितिले तीन महिना भित्र नगरेमा लाभग्राहीवाट अनुदान रकम असुल गर्ने उल्लेख छ । पालिकाले यस कार्यक्रम अन्तर्गत देहायबमोजिमको वडा मा प्रथम किस्ता वापतको रकम भुक्तानी दिएको देखियो । सो रकम कार्यविधि अनुसार जुन प्रयोजनका लागि प्रदान गरिएको हो सोही प्रयोजनमा खर्च भएको प्रमाण पेश गर्नुपर्ने रू.

| वडा नं. | लाभग्राहिको नाम | प्रथम किस्ता रकम |
|---|---|---|
| ५ | हिमदा मिया | ३००००/- |
| ५ | हसिना खातुन | ३००००/- |
| | जम्मा | ६००००/- |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६०,००० |

८२ **प्रोजेक्टर खरिद** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९( १०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भूक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। कार्यालयले All Islah education & welfair society Nepal को नाममा जारि भएको १ थाप प्रोजेक्टर खरिद वापतको रकम रु.९०,०००/- भुक्तानी दिएको देखियो ।कार्यालयको नाममा विल समेत जारि नभएको सामाग्रि खरिद वापत दिएको भुक्तानी नियम सम्मत देखिदैन ।कार्यालय प्रयोजनको लागि आवश्यक प्रोजेक्टर खरिद भएको पुष्टयाई हुने माग फारम, खरिद आदेश, कार्यालयको नाममा जारि भएको विजक र जिन्सि दाखिला प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९०,०००/- |

८३ **सीपमुलक तालिम** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्दछ । कार्यालयले निम्नानुसार संस्था मार्फत सिपमुलक तालिम कार्यक्रम संचालन गरेकोमा उक्त तालिमको आवश्यकता पहिचान, प्रशिक्षार्थि तथा लाभग्राहि छनौटको आधार तथा विधि, तालिम प्रदायक संस्था छनौट सम्बन्धि कार्यक्षेत्रगत शर्त तयार नगरी सोझै सम्झौतागरी १४ वटा तालिम संचालन गराई रु.५२,४७,८१११/- भुक्तानी दिएको देखियो । तालिम कार्यक्रम स्वीकृत गर्नुपूर्व तालिमको आवश्यकता पहिचान, विगत वर्षमा संचालित तालिको प्रभावकारिता मूल्यांकन र अभिलेख अद्यावधिक, स्वीकृत तालिमको लाभग्राहि छनौटको मापदण्ड स्वीकृत र तालिम प्रदायक संस्था छनौट सम्बन्धमा कार्यक्षेत्रगत शर्त तयार गरेर तालिक कार्यक्रम संचालन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८४ **कार्यसम्पन्न प्रतिवेदन** - पालिकाले श्री जनता मा.वि. फुल्चोकको २ कोठे र पृथ्वी नारायण मा.वि. भोक्राहा नरसिंह ४ को ४ कोठे भवन निर्माण कार्य बोलपत्र मार्फत गरेको देखियो । संघीय सरकार सशर्त कार्यक्रममा प्राप्त भएको रकम मध्ये आर्थिक वर्षभित्र निर्माण व्यवसायिले पेश गरेको विलको आधारमा रकम भुक्तानी दिई आर्थिक वर्षको अन्तमा बाँकि रहेको रु.३९,००,२३२/- पालिकाले विविध खातामा जम्मा गरेको देखियो । विद्यालयको नाममा प्राप्त भएको रकम आर्थिक वर्षको अन्तमा विविध खातामा जम्मा गरेकोले उक्त रकम विद्यालयको निर्माण व्यवसायिलाई भुक्तानी दिई विद्यालयको निर्माण कार्यको कार्य सम्पन्न पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३९,००,२३२ |

**संपरीक्षणबाट थप भएको बेरूजू**

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले निर्माण कार्यको नक्सा तथा डिजाइन तयार गर्नुपर्ने, दफा ५ मा लागत अनुमान तयार गर्नुपर्ने र दफा ५क मा निर्माण कार्यको नक्सा, डिजाइन र लागत अनुमान तोकिए बमोजिम स्वीकृत गर्नुपर्ने उल्लेख छ । कार्यालयले प्रशासकिय भवन निर्माण कार्यको नक्सा तथा लागत अनुमानमा गार्ड भवनको कार्य समावेश नगरी स्वीकृत गरेको र यस वर्ष कार्यालय भवन परिसरमा निम्नानुसारको कार्य गराउन छुट्टा छुट्टै | |

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>लागत अनुमान तयार गरी निर्माण कार्य गराएको देखियो । शुरुको नक्सा तथा लागत अनुमानमा समावेश नगरी पछी छुट्टा छुट्टै लागत अनुमान तयार गरी सोझै सम्झौताको माध्यमबाट कार्य गराई दिएको भुक्तानि नियम सम्मत नदेखिएको रू.
<table>
<tr><th>सि.नं.</th><th>कामको विवरण</th><th>निर्माण व्यवसायिको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>गार्ड हाउस निर्माण</td><td>नुरी निर्माण सेवा</td><td>९५६३३१/५७</td></tr>
<tr><td>२</td><td>गार्ड तथा जेनेरेटर हाउस निर्माण</td><td>अलराजी निर्माण सेवा</td><td>५४२३८६/-</td></tr>
<tr><td>३</td><td>प्रशासकिय भवनको छुट धारा विजुलीको कार्य</td><td>मोडल हार्डवेयर</td><td>५६५८००/-</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२०६४५१७/५९</td></tr>
</table></td><td>२०६४५१७.५९</td></tr>
<tr><td>२</td><td>प्रदेश नं. १ सार्वजनकि खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७५ मा सवारी साधनको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष इन्धन (कार्यालय तथा पदाधिकारी र इन्धन अन्य प्रयोजन) मा रु.३८,००,०००/- खर्च गरेको छ । कार्यालयले उपलब्ध गराएकव विवरण अनुसार कार्यालयमा १ व्याकहो लोडर, १ साना सवारी , १ भाडाको साना सवारी र २४ मोटर साइकल रहेको छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, लग बुक राख्ने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राखि इन्धन खर्चमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३</td><td>पालिकालाई वार्षिक रुपमा आवश्यक निशुल्क वितरण गर्ने औषधिको परिमाण सम्बन्धमा वार्षिक आवश्यकताको परिणाम विवरण तयार गर्नुपर्दछ । उक्त विवरणको आधारमा तालुक निकायबाट प्राप्तहुने औषधिको परिमाण घटाई बाँकि औषधि पालिकाबाट खरिद गरी पुल सिस्टमको आधारमा औषधिको आपूर्ति व्यवस्थापन गर्नु पर्दछ ।पालिकाले खरिदगर्ने औषधीमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले रु. १८,६५,०००/- को औषधि खरिद गरेकोमा सबै औषधिमा निशुल्क वितरणको लागि भन्ने लोको लगाएको देखिएन साथै औषधीको गत वर्षको मौज्दातको विवरण समेत अद्यावधिक राखेको देखिएन । अतः पालिकाले औषधि खरिदगर्नु भन्द पहिले गत वर्षको खपत र मौज्दात बाँकिको विवरण अद्यावधिकगरी औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४</td><td>सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा सार्वजनिक निकायले कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ । कार्यालयले कार्यालयको विषयगत</td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>शाखा तथा कर्मचारी मार्फत गराउनुपर्ने निम्नानुसार शिक्षा, स्वास्थ्य, कृषि जस्ता तालिम कार्यक्रम परामर्शदाता मार्फत गराई भुक्तानी दिएको देखियो ।विषयगत शाखामार्फत संचालन गर्नुपर्ने तालिम तथा कार्यक्रम परामर्शदाता मार्फत गराई दिएको भुक्तानी नियम सम्मत नदेखिएको रु.
<table>
<tr><th>सि.नं.</th><th>तालिमको नाम</th><th>परामर्शदाता</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>निशुल्क विशेषज्ञ स्वास्थ्य शिविर कार्यक्रम वडा नं.१</td><td>एब्सुलुट टेक्निकल इन्सिटिच्यूट एण्ड रिसर्च सेन्टर प्रा.लि.</td><td>२४८०००/-</td></tr>
<tr><td>२</td><td>अगुवा कृषकहरुलाई अर्गानिक मल तथा माटो परीक्षण तालिम</td><td>रव्या आरोग्य इको अर्गानिक प्रा.लि.</td><td>४९१०००/-</td></tr>
<tr><td>३</td><td>विद्यालयमा अतिरिक्त क्रियाकलाप संचालन</td><td>एक्सपर्ट टेक्निकल कलेज प्रा.लि.</td><td>३९८०००/-</td></tr>
<tr><td>४</td><td>किसानहरुलाई अर्गानिक मल उत्पादन सम्बन्धी तालिम</td><td>अबान्टिका टेक्निकल एण्ड भोकेशनल इन्स्टिच्यूट प्रा.लि.</td><td>३९६०००/-</td></tr>
<tr><td>५</td><td>वडा नं.६ गर्भवति महिला, सुत्केरी तथा किशोर किशोरीहरुको लागि प्रजनन स्वास्थ्य सम्बन्धी जनचेतना</td><td>मधुगंगा एग्रीकल्चर प्रा.लि.</td><td>४९६०००/-</td></tr>
<tr><td>६</td><td>वडा नं.४ च्याउ खेति तालिम</td><td>जेन नेक्स्ट एग्रीकल्चर प्रा.लि.</td><td>४९२०००/-</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२५२१०००/-</td></tr>
</table>
</td><td>२५२१०००.००</td></tr>
<tr><td>६</td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.२१,२९,३९२/-भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी दिएको तलब भत्ता नियमित नदेखिएको रु.
<table>
<tr><th>सि.नं.</th><th>पद</th><th>वार्षिक तलब भत्ता</th></tr>
<tr><td>१</td><td>अ.न.मी.</td><td>१६६७९०२/-</td></tr>
<tr><td>२</td><td>सव इन्जिनियर</td><td>४६१४९०/-</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२१२९३९२/-</td></tr>
</table>
</td><td>२१२९३९२.००</td></tr>
</table>

अनुसूचीहरू

*अनुसूची - १*

## आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्ष:** २०७९/८०

**कार्यालय र स्थान:** भोक्राहा नरसिंह गाउँपालिका, सुनसरी , भोक्राहा नरसिंह गाउँपालिका , सुनसरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुवर्ण घिमिरे | २०७९-५-२२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | विशेष गौतम | २०७९-७-६ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरण:**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १५५,७६९ | २९,१२३,१०८.९४ | ९,४३०,४९९.२५ | ० | ० | ९२४,२६४ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३९,६३३,६४१.१९ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | २१,४४८,०६१.५७ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | १०,२०७,२४३.५९ |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २८,३९२,८२३.२१ |

**स्थानीय तह :**

| **गत बर्षको जिम्मेवारी** | | ८०२९१३१९.३ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३३४२४७००० | **चालु खर्च** | ३००४६१५३२.३२ |

| | | | |
|---|---|---|---|
| **प्रदेश सरकारबाट अनुदान** | १७९२६५०० | **पूँजीगत खर्च** | १५८४३१९५१ |
| **राजश्व बाँडफाँट** | ९०९९१७७६.३८ | **वित्तीय/अन्य व्यवस्था** | १६४४५१७५.५९ |
| **आन्तरिक आय** | १५७४८८३५.७१ | | |
| **अन्य आय** | १३७७०७६३६.६१ | | |
| **कुल आय** | ५९६६२१७४८.७ | **कुल खर्च** | ६२३३३८६५८.९१ |
| **बाँकी मौज्दात** | | ५३५७४४०९.०९ | |

*बेरूजु दफा २ सँग सम्बन्धित विवरण- अनुसूची-३*

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | एकिकृत आर्थिक विवरण | | | | | | |
| | भोक्राहा नरसिंह गाउकार्यपालिकाको कार्यालय | | | | | | |
| | अमाहिबेल्हा सुनसरी | | | | | | |
| सि | आय शिर्षक | रकम | जम्मा रकम | सि न | व्यय शिर्षक | रकम | जम्मा रकम |
| १ | गत बर्षको जिम्मेबारी | | 80291319.3 | १ | संचितकोष खर्च | | 300461532.6 |
| | क) बैंक | | | | चालु खर्च | | |
| | संचित कोष खाता | 67961526.57 | | | गाउपालिका | 145861393.2 | |
| | धरौटी खाता | 12057119.73 | | | सघिय सरकारबाट हस्तान्तरीत | 153626034.4 | |
| | लैङ्गिक हिंसा निवारण कोष | 250000 | | | | | |
| | प्रकोप व्यवस्थापन कोष | 22673 | | | प्रदेश सरकारबाट हस्तान्तरीत | 974105 | |
| २ | आन्तरीक आय | | | | | | 158431951 |
| ३ | संघिय सरकारबाट हस्तान्तरीत | | 334247000 | २ | पुँजिगत खर्च | | |
| | समानिकरण अनुदान | 130147500 | | | गाउपालिका | 126016455 | |
| | शर्शत अनुदान | 204099500 | | | सघिय सरकारबाट हस्तान्तरीत | 22415496 | |
| | विशेष अनुदान | | | | | | |
| | समपुरक अनुदान | | | | | | |
| ४ | प्रदेश सरकारबाट हस्तान्तरीत | | 17926500 | | प्रदेश सरकारबाट हस्तान्तरीत | 10000000 | |
| | समानिकरण अनुदान | 6681500 | | | जम्मा फिर्ता | | 28328864.59 |
| | शर्शत अनुदान | 1245000 | | | सघिय सरकारबाट हस्तान्तरीत फिर्ता | 28057969.59 | |
| | समपुरक अनुदान | 10000000 | | | प्रदेश सरकारबाट हस्तान्तरीत फिर्ता | 270895 | |
| ५ | अन्तर स्थानीय तहबाट प्रास | | 118007932 | ३ | अन्तरस्थानीय तह खर्च | | 118007932 |
| | सामाजिक सुरक्षा तथा संरक्षण | 108545382 | | | सामाजिक सुरक्षा तथा संरक्षण | 108545382 | |
| | गरिबसँग विश्वेश्वर कार्यक्रम | 462550 | | | गरिबसँग विश्वेश्वर कार्यक्रम | 462550 | |
| | स्थानीय तह प्रशासकीय भवन विकास | 9000000 | | | स्थानीय तह प्रशासकीय भवन विकास | 9000000 | |
| ६ | राजश्व बाँडफाड | | 90991776.38 | | कोष खाता तर्फ | | 18108379 |
| | संघिय सरकार | 80482189 | | | विविध कोष खाता | 9377622 | |
| | राजश्व बाँडफाड स्थानीय | 6500000 | | | धरौटि खर्च | 8730757 | |
| | प्रदेश सरकार | 4009587.38 | | | प्रकोप व्यवस्थापन कोष | 0 | |
| ७ | कोष सोझै आम्दानि | | 35448540.32 | ४ | बैंक मौज्दात | | 53574409.09 |
| | आम्दानी छुट सोधभर्ना रकम एवम अन्य वेरुजु असुल ठेक्का खरिद | 6471987.28 | | | संचितकोष | 35607954.95 | |
| | आन्तरीक राजश्व खात | 9276848.43 | | | धरौटि बाँकि | 9064162.34 | |
| | विविध कोष खाता | 13961905 | | | पुँजिगत खर्च | 4264071.48 | |
| | धरौटी आम्दानि | 5737799.61 | | | चालु खर्च | 53937.32 | |
| | | | | | बाडफाडबाटप्रास राजश्व खाता | 0 | |
| | जम्मा | | 676913068.00 | | कर्मचारी कल्याणकोष | 0 | |
| | | | | | प्रकोप व्यवस्थापन कोष | 22673 | |
| | | | | जम्मा | विविध कोष खाता | 4561610 | |
| | | | | | | 676913068.2 | |

भोक्राहा नरसिंह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिरौली, सुनसरी
कोशी प्रदेश, नेपाल

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५९,९६,३२,०२६.२० | ४३,७६,०९,१५३.४६ | | ४३,७६,०९,१५३.४६ | ४८,८१,६०,२१३.५९ | | ४८,८१,६०,२१३.५९ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५८,५६,७०,१२१.२० | ४२,०१,३२,१२१.८५ | ०.०० | ४२,०१,३२,१२१.८५ | ४८,२५,८१,७४२.२६ | ०.०० | ४८,२५,८१,७४२.२६ |
| ११००० कर | ११ | ११,१०,५३,३४०.०० | ८,६१,७४,०७९.४३ | ०.०० | ८,६१,७४,०७९.४३ | १०,६४,९३,२१४.१४ | ०.०० | १०,६४,९३,२१४.१४ |
| १३००० अनुदान | | ३७,५२,९२,०००.०० | ३२,५१,४०,६८९.४१ | ०.०० | ३२,५१,४०,६८९.४१ | ३६,९६,३१,०००.०० | ०.०० | ३६,९६,३१,०००.०० |
| संघीय सरकार | १२ | ३५,५२,८९,०००.०० | ३०,६१,८९,०३१.४१ | ०.०० | ३०,६१,८९,०३१.४१ | ३४,५३,२६,०००.०० | ०.०० | ३४,५३,२६,०००.०० |
| प्रदेश सरकार | १२ | १,८८,८१,०००.०० | १,७९,२६,५००.०० | ०.०० | १,७९,२६,५००.०० | २,४३,०५,०००.०० | ०.०० | २,४३,०५,०००.०० |
| अन्तरिक श्रोत | | ११,२२,०००.०० | १०,२५,१५८.०० | ०.०० | १०,२५,१५८.०० | ०.०० | ०.०० | ०.०० |
| १४००० अन्य राजस्व | | १,१९,३५,९४२.०० | ८८,१७,३५२.१८ | ०.०० | ८८,१७,३५२.१८ | ४९,७८,३६६.०० | ०.०० | ४९,७८,३६६.०० |
| १५००० विविध प्राप्ति | | ५,००,०००.०० | ०.८३ | ०.०० | ०.८३ | १४,७९,१६२.१२ | ०.०० | १४,७९,१६२.१२ |
| ३२००० वित्तीय सम्पत्ति | | ८,६८,८८,८३९.२० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ख. अन्य प्राप्ति | | १,३९,६१,९०५.०० | १,७४,७७,०३१.६१ | | १,७४,७७,०३१.६१ | ५५,७८,४७१.३३ | | ५५,७८,४७१.३३ |
| वितरण गर्न बाकी राजस्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कोषहरु | | १,३९,६१,९०५.०० | १,१७,३९,२३२.०० | ०.०० | १,१७,३९,२३२.०० | २,००,०००.०० | ०.०० | २,००,०००.०० |
| धरौटी | | ०.०० | ५७,३७,७९९.६१ | ०.०० | ५७,३७,७९९.६१ | ५३,७८,४७१.३३ | ०.०० | ५३,७८,४७१.३३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | | ५९,९६,३२,०२६.२० | ४८,१०,५२,१९४.१५ | | ४८,१०,५२,१९४.१५ | ३८,९७,६९,९८३.४९ | | ३८,९७,६९,९८३.४९ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५८,५६,७०,१२१.२० | ४६,२९,५२,६६९.९२ | | ४६,२९,५२,६६९.९२ | ३८,८२,४८,०५५.४९ | | ३८,८२,४८,०५५.४९ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १३,८५,२५,८३९.२० | ११,३६,८९,७९४.४१ | ०.०० | ११,३६,८९,७९४.४१ | ११,७४,३८,८१२.४३ | ०.०० | ११,७४,३८,८१२.४३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २२,२०,८१,०२९.०० | १७,७८,७७,६८५.६१ | ०.०० | १७,७८,७७,६८५.६१ | १२,०१,३२,७४०.०६ | ०.०० | १२,०१,३२,७४०.०६ |
| २५००० सहायता (Subsidy) | १८ | ४३,५०,०००.०० | ३९,८३,९१९.०० | ०.०० | ३९,८३,९१९.०० | २२,६१,१४८.०० | ०.०० | २२,६१,१४८.०० |
| २६००० अनुदान | १८ | ०.०० | ०.०० | ०.०० | ०.०० | ३२,४१,७७७.०० | ०.०० | ३२,४१,७७७.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ७४,६३,२४५.०० | ६८,२५,३३८.८४ | ०.०० | ६८,२५,३३८.८४ | ७८,४४,१५७.०० | ०.०० | ७८,४४,१५७.०० |
| २८००० अन्य खर्च | १८ | २१,५०,००८.०० | २१,४३,९८१.०० | ०.०० | २१,४३,९८१.०० | १७,९७,३८०.०० | ०.०० | १७,९७,३८०.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २१,११,००,०००.०० | १५,८४,३१,९५१.०६ | ०.०० | १५,८४,३१,९५१.०६ | १३,५५,३२,०४१.०० | ०.०० | १३,५५,३२,०४१.०० |
| घ. अन्य भूक्तानी | | १,३९,६१,९०५.०० | १,८०,९९,५२४.२३ | | १,८०,९९,५२४.२३ | ३८,९७,६९,९८३.४९ | | ३८,९७,६९,९८३.४९ |
| कोषहरु | | १,३९,६१,९०५.०० | ९३,७७,६२२.०० | ०.०० | ९३,७७,६२२.०० | १०,६५,७९१.०० | ०.०० | १०,६५,७९१.०० |
| धरौटी | | ०.०० | ८७,३०,७५७.०० | ०.०० | ८७,३०,७५७.०० | ४,५६,१३७.०० | ०.०० | ४,५६,१३७.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (८,८५४.७७) | | (८,८५४.७७) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | (४,३४,४३,०४०.६९) | | (४,३४,४३,०४०.६९) | ९,८३,९०,२३०.१० | | ९,८३,९०,२३०.१० |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ८,२२,९१,३२०.३० | | ८,२२,९१,३२०.३० | ३,२६,७६,९२४.८९ | | ३,२६,७६,९२४.८९ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ३,८८,४८,२७९.६१ | | ३,८८,४८,२७९.६१ | १३,१०,६७,१५४.९९ | | १३,१०,६७,१५४.९९ |
| | | | | | | | | |